# नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७

लालमोहर र प्रकाशन मिति

२०२७।१२।३०।२

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८।६ |
| २. | न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ | २०४३।७।२४ |
| ३. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | प्रमाणिकरण र प्रकाशन मिति |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६* | २०६६।१०।७ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०२७ सालको ऐन नं. १५

♣........

नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल ♣..........को अन्तर्राष्ट्रिय व्यापारलाई बढी सुदृढ आधार र सुविधा प्रदान गर्नलाई नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डाको स्थापना गर्न वाञ्छनीय भएकोले,

---

* यो ऐन संवत २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

♣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन ♣........नेपाल भर लागू हुनेछ र जहाँसुकै रहेको भए तापनि पानी जहाज दर्ता ऐन, २०२७ बमोजिम दर्ता गरिएका वा दर्ता गर्नु पर्ने कुनै पनि पानी जहाज र सो पानी जहाजका धनी, नाविक र कर्मचारीहरुलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

"नेपाल पानी जहाज कार्यालय" भन्नाले पानी जहाज दर्ता ऐन, २०२७ अन्तर्गत स्थापित नेपाल पानी जहाज कार्यालयलाई सम्झनु पर्छ ।

३. **झण्डाको स्थापना** : (१) नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डा स्थापित गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको झण्डा अनुसूचीमा तोकिए बमोजिमको हुनेछ ।

४. **झण्डाको उद्देश्य र सुविधा** : नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डा नेपाली पानी जहाजको राष्ट्रियताको चिन्ह हुनेछ र सो झण्डाले नेपाली पानी जहाजलाई विदेशी बन्दरगाह वा विदेशी क्षेत्रीय समुद्रमा रहँदा सन्धिद्वारा प्रदत्त सुविधा तथा शुल्कहरु र समुन्द्रमा रहँदा उचित सम्मानको अधिकार दिलाउनेछ ।

---

♣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

५. **झण्डा प्रयोग गर्न पाउनेको अधिकार र कर्तव्य** : (१) नेपाल पानी जहाज कार्यालयमा दर्ता भएको प्रत्येक नेपाली पानी जहाजको नेपाल ♣..........को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार र कर्तव्य हुनेछ ।

(२) त्यस्तो झण्डा पानी जहाजको पछिल्लो भाग (स्टर्न) मा रहेको ध्वजदण्ड (फ्लैग स्टाफ) वा पछिल्लो मस्तूल (आफ्टर मोष्टमाष्ट) मा फहराइनेछ ।

(३) यो ऐन बमोजिम नेपाल ♣.........का व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्नुपर्ने कर्तव्य भएको नेपाली पानी जहाजले राष्ट्रियताको चिन्हको रुपमा प्रदत्त झण्डा बाहेक अरु कुनै झण्डा प्रयोग गर्न पाइने छैन ।

६. **झण्डा प्रयोग गर्न पाउने पानी जहाजको कर्तव्य** : नेपाल ♣.......... को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने नेपाली पानी जहाजको देहायको कर्तव्य हुनेछ :—

(क) सो झण्डा भक्ति र सम्मानपूर्वक प्रयोग गर्नु,

(ख) सो झण्डा अन्तर्राष्ट्रिय कानून बमोजिम आवश्यकतानुसार प्रयोग गर्नु, र

(ग) समुन्द्र, क्षेत्रीय समुन्द्र वा बन्दरगाहमा रहँदा अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु ।

७. **झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाणपत्र** : नेपाली पानी जहाजलाई नेपाल पानी जहाज कार्यालयले प्रदान गरेको पानी जहाज दर्ताको प्रमाणपत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र नै सो पानी जहाजले नेपाल ♣........को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाणपत्र हुनेछ ।

---

♣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

८. **झण्डा प्रयोग गर्न नपाउने** : (१) नेपाल पानी जहाज कार्यालयबाट पानी जहाज दर्ताको प्रमाणपत्र वा नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र नपाएको कुनै पानी जहाजले नेपाल ♣........को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने छैन र नेपाल कानूनको सुरक्षाको सुविधा पाउने छैन ।

(२) विदेशी राष्ट्रमा दर्ता भएको वा गैर नेपाली पानी जहाजलाई नेपाल ♣........को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्ने अधिकार दिइने छैन ।

९. **दण्ड सजाय** : (१) दफा ५ को उपदफा (२) वा (३) वा दफा ६ को उल्लङ्घन गर्ने व्यक्ति वा सङ्गठित संस्थालाई रु.२०००।— सम्म जरिवाना हुनेछ ।

(२) दफा ८ को उल्लंघन गर्ने व्यक्ति वा सङ्गठित संस्थालाई रु. ८०,०००।— असी हजार रुपैयाँसम्म जरिवाना हुनेछ वा त्यस्तो पानी जहाज नै जफत हुन सक्नेछ वा त्यस्तो कसूर गर्ने जिम्मेवार व्यक्तिलाई ५ वर्षसम्म कैद हुन सक्नेछ ।

१०. **मुद्दा हेर्ने** : (१) ▽दफा ९ को उपदफा (१) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रार र सोही दफाको उपदफा (२) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले तोकेको जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही र किनारा गर्दा रजिष्ट्रारले प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई प्राप्त सबै अधिकार प्रयोग गर्नेछ र सो अदालतको कार्यविधि अपनाउने छ ।

---

♣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▽ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(३) रजिष्ट्रारले आवश्यक सम्झेमा आफैं वा अन्य अधिकृत खटाई नेपाल ♣........बाहिर पनि आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम रजिष्ट्रारले गरेको निर्णय उपर चित्त नबुझ्नेले ३५ दिन भित्र ▽नेपाल सरकारले तोकेको जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

११. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ र सो नियमहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू भएको मानिने छ ।

नेपाल कानून आयोग

---

▽ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

♣ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

द्रष्टव्य : केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः—

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची

## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल ♣.......को व्यापारिक पानी जहाजको झण्डा देहाय बमोजिमको हुनेछ :—

(क) सामुन्द्रिक नीलो रङ्गको आयाताकार पृष्ठभूमि जसको लम्बाई चौडाईको डेढी हुनेछ र जसको देब्रेपट्टि माथिल्लो कुनामा राष्ट्रिय झण्डा र पूरा क्षेत्रको दाहिनेपट्टिको अर्ध भागको मध्यमा रातो लङ्गर अङ्कित भएको हुनेछ ।

(ख) राष्ट्रिय झण्डा व्यापारिक पानी जहाजको झण्डाको पूरै क्षेत्रको चौडाईको दुई तिहाई र लम्बाईको एक तिहाई भूमिमा अङ्कित हुनेछ ।

(ग) लङ्गर राष्ट्रिय झण्डाको पींधबाट खिचिएको काल्पनिक सरल रेखामाथि अवलम्बित हुनेछ ।

(घ) लङ्गरको उचाई अङ्कित राष्ट्रिय झण्डाको दुई त्रिकोणको बिन्दुहरूको बीचको फासलाको बराबर हुनेछ र त्यसको चौडाई सो फासलाको आधा हुनेछ ।